Kainla, Bairagi : (1991-1995) *Nahen Mundhum, Samsogha Mundhum, Sasik Mundhum* and *tongsing tokma Mundhum.*

Sagant, Philippe : (1976) Becoming a limboo Priest — Ethnographic Notes, Spirit possession in the Nepal Himalayas

Sagant, Philippe : (1988) The *Shaman's* cure and the layman's interpretation Kailash, Vol. 14 No. 1-2 Kathmandu, Ratna Pustak Bhandar.

Shreng, Ranadhoj : (1992) *Kirat Sumyamba Yagrangsing. Patthari, Morang.*

Subba, Ashman : (1989) *Kirat Samyo Nu Yetchham Thim.* Kathmandu, Srimati Lila Subba.

Subba, C. : (1995) The Culture and Religion of Limboos, Kathmandu, Nepal.

Subba, J.R. 1980 : Collection of mundhum recorded from late Shri Dhan Man Subba, Hee, West Sikkim.

युमा-साम्योको दार्शनिक धर्म-सिद्धान्त (युमावाद) लिम्बुहरूको धर्म-आस्था (मत) एवं व्यावहारिकता :

लिम्बुहरू - हिमाली अंचलको पूर्वोत्तर राज्यहरू अनि पश्चिम बंगालको पहाड़ी जिल्लाहरू, पूर्व नेपाल तथा सिक्किमको जातिय-समुहहरूमध्ये एक जाति हुन्। लिम्बुहरूको आफ्नै विशिष्ट धर्म छन् जसलाई *'युमा-साम्यों'* (साम्यो = धर्म) अथवा *'युमावाद'* भनिन्छ। ऐतिहासिक, मानवशास्त्री-विज्ञान, धार्मिक तथा भाषिक अध्ययनले यो पुरा मंगोलाय आदिवासीको अस्तित्व यस हिमाली भेकमा ८,०००-५,००० पूर्व खृष्टाब्ददेखि नै रहिआएको बताउँदछ (सिंह, जी० पी०, १९९०)। यद्यपि, सिन्धु-घाटी-सभ्यतादेखि नै यो जाति आर्य तथा दाविड़ हिन्दुहरूसित संगसंगै बसिआएका थिए अनि शताब्दीऔंदेखि नै यिनीहरू हिन्दु, बौद्ध तथा ख्रिष्टान धर्मावलम्बीहरूसित साथ रहिआएका हुन् तरै पनि यिनीहरूसित आफ्नो जाति-विशेष बारे *'वृतान्त'* सुनाउने चलन अथवा *'मुन्धुम'* फलाक्ने पुरानो परम्परा छ अनि यिनीहरूले विशिष्ट तरिकाले आफ्नो धर्मविधि/कर्मकाण्ड एवं धर्मानुष्ठानहरूलाई पालन गर्दछन्। *'मुन्धुम'* — कवितामय भाषामा लेखिएको एउटा आख्यान, किवदंती, एउटा लोक-साहित्य, प्रागैतिहासिक दस्तावेज, धर्मोपदेश तथा सुक्ति (नीति-संहिता) अथवा दार्शनिक उपदेश हुन्। यो एउटा धर्मग्रन्थ हो -- जो मौखिक परम्परामा जीवित छ। यो जातिसमुहलाई विशेष गरी 'लिम्बुवान'-को एउटा

ऐतिहासिक क्षेत्रमा पाइन्छ जुन क्षेत्र नेपालको पश्चिम सीमानामा पर्ने अरूण-नदीदेखि सिक्किमको टिस्टा नदीको मध्यवर्ती क्षेत्रहरूमा पर्दछ, यसभित्र पश्चिम बंगालको पहाड़ी क्षेत्र पनि सम्मिलित छन् | भारतीय मानवशास्त्रीय सर्वेक्षणले सिक्किममा लिम्बुहरूलाई एउटा प्रमुख जातिसमुहको रूपमा पहिचान गरेका छन् जसको आफ्नै विशिष्ट संस्कृति, परंपरा, धर्म, लिपि एवं भाषा छन् (सिंह, के० एस० १९९३)।

लिम्बुहरूको 'मुन्धुम'-ले तागेरा निङवाफुमालाई आदिकालिन सर्वव्यापी भगवान (युमा)-को वर्णन गर्दछन् अनि उनलाई सर्वशक्तिमान, सर्वज्ञाता, सर्वव्यापी तथा शाश्वत ईश्वरमा विश्वास गर्दछन्, जसलाई सांसारिक स्वरूपमा घरेलु देवी युमा-साम (युमाको आत्मा) ठानेर पूजा-अर्चना पनि गरिन्छ | लिम्बुहरूले ईश्वर नै सर्वशक्तिमान अनि परोपकारी देवी हुन् भन्ने विश्वास गर्दछन् जसले मानिसको कल्याण गर्दछिन् र उनलाई नियमित रूपमा पूजा-अर्चना गर्दछन् | विमारी, दुर्घटना तथा समय-समयमा सोघा, सुगुत, सुसिक, अनि सुगुप जस्ता रूपमा प्रत्येकलाई मृत्युको भागीदार बनाउनमा अनिष्टकारी आत्माहरू यताउति उड़िबस्दछन् | यस्ता अनिष्टकारी आत्माहरूलाई नियमित रूपमा सन्तुष्ट गराउनु पर्दछ ताकि तिनीहरूले मानिसहरूलाई अहित/हानी नगरून्, नपुऱ्याउन् | लिम्बु *फेदाङ्मा, साम्बा, येबा,* तथा *येमाहरू* अंशकालिक धार्मिक कर्ताहरू हुन् जसले भाव-समाधिको नियंत्रित अवस्थामा अलौकिक परमात्मा/जीवधारीको ज्ञानलाई तिनीहरूको आचरणहरू, अभिलाषाहरू, अरूचिहरू, आवश्यक्ताहरू तथा मागलाई सूचित गर्न सक्षम हुँदछन् | यिनीहरू मानवी-आत्माका विशेषज्ञ हुन्, यसकारण, लिम्बु समाजमा तिनीहरूले एउटा बैधको, मनोविशेषज्ञको तथा शामानी धार्मिक पूजारी (Shamanistic Priest)-हरूको वृत्तिलाई पूर्ति/पालन गर्दछन् | कुनै प्रकारको बिमारी, दुर्घटना तथा अनिष्ट लक्षणको जस्तै पनि संकेत आइपर्दछ; ती विशेष अनिष्टकारी आत्माहरू नै यसैको उत्तरदायी हुन्छन् भन्ने कुरा यी शामानी पूजारीहरूले भाव-समाधिमा बसेर यी आत्माहरूलाई मंत्र उच्चारण गर्दै सन्तुष्ट पार्दछन् अनि तिनीहरूलाई पक्षी तथा अन्य पशु-वलि चढ़ाएर चा-थी (खाना-पिना) अर्पण गर्दछन् | लिम्बुहरूले आत्मा मर्दैनन् भन्ने विश्वास गर्दछन् अनि मृतकहरूको भूमिमा यात्रा गर्नलाई शरीर छाड्छन्

अनि आफ्नो कर्मअनुसार *संग्राम, पेदाङ्देन* (सायद स्वर्गमा) अथवा *खेमा याङसङ पाङ्भे* (सायद नर्कमा) -मा जाने गर्दछन् अनि मुक्ति नपाएसम्मन् योफेरि यही संसारमा फर्की आउने गर्दछन्। यी शामानी पूजारीहरू धार्मिक उपदेशक, अनि पींढ़ी-दर-पींढ़ीदेखि पराम्परिक सन्देशवाहक हुन् जसले पूर्खौली मान्यताहरू तथा आस्था अनि विमारी, रोगहरू एवं व्यक्तित्वको विकृतिलाई तिनीहरूका आफ्नै निदान तथा उपचारहरू गर्ने परम्परालाई कायम गरिल्याएका छन्। तिनीहरू ज्योतिषी, भविष्यवक्ता तथा लिम्बु परिवारका कल्याणका निम्ति विविध कर्मकाण्ड गर्ने कर्ताहरू हुन्। निम्नलिखित विवरणहरू युमा-साम्योका आस्था तथा दार्शनिक धर्मसिद्धान्तहरू अथवा लिम्बुहरूको युमावाद हुन् :

युमा-साम्योको दार्शनिक धर्म-सिद्धान्तहरू

१. ब्रह्माण्डको उत्पत्ति :

सर्वशक्तिमान देवी तागेरा निङवाफुमाले ब्रह्माण्डको सृजनामा विश्व, नक्षत्र, मानिस तथा सबै सजीव एवं निर्जीव वस्तुलाई उत्पत्ति गरिन् अनि उहाँले आफ्नो सृष्टिमा सहयोग पुऱ्याउनका निमित्त अनन्य देव-देवीहरूलाई पनि सृजना गरिन्। विश्व, नक्षत्र, लोकहरू (संसारहरू) को पनि सृजना गरिन्। विश्व, नक्षत्र, लोकहरू (संसारहरू), *माङ, सम्माङ* तथा *सम्माङ च्याङहरू* लगायत अन्य सजीवं एवं निर्जीव वस्तुहरूको सृष्टिको पौराणिक कथालाई यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरिएका छन् :

सृष्टिको शुरूआत्मा, यहाँ केही पनि थिएनन् सिवाय परिशुन्य मात्र। यस परिशुन्यलाई सर्वशक्तिमान ईश्वर *तागेरा निङवाफुमाले* मात्र प्रतिनिधित्व गरेकी थिइन्। सर्वज्ञानी, सर्वव्यापी, सर्वशक्तिमान, अनन्त तथा शाश्वत् ईश्वर तथा परमसत्ताकी ईश्वर तागेरा *निङवाफुमाले* ब्रह्माण्डको सृष्टि गर्ने चिन्तन गरिन्। उहाँले शक्ति अर्थात् आकाश, जल, वायु, अग्नि तथा पृथ्वीको सृष्टि गरिन्। *'नेमुकसामे'* (पञ्च-अद्‌भूत शक्ति)-

को प्रभावले गर्दा, उनले चुम्बकीय शिलाखण्डको उत्पत्ति गरिन् अनि पृथ्वीको आधारशिला राखिन्। *'नामुकसाम'*-को प्रभावले गर्दा, उहाँले पाँचवटा महाशक्तिहरूको विकास गरेर आकाशलाई निलो रंग दिइन् अनि प्रकृतिमा विविधता प्रदान गरिन्। चुम्बकीय शिलाखण्डले परिशुन्यलाई भूतलभित्र अवरूद्ध गरेपछि, फलस्वरूप, पृथ्वीको आधारशिलाको स्थापना गरिदिइन्।

अब, उहाँले माङको सृजना गरिदिइन् जो *मुना तेम्फे मा माङ* (देव) *सिगेरा याफुदिन हाङ पोरोक्मी याम्फामी हाङलाई* ब्रह्माण्डको प्रथम देवको रूपमा जानिन्छ। सर्वशक्तिमान देवीको सबैभन्दा शक्तिशाली एवं विश्वासनीय सृष्टिकर्ता दुत यी नै हुन्। उहाँले यिनलाई आफ्नो लोक- *संग्राम पेदाङ देन* (स्वर्ग = बैकुण्ठ लोक) को ठीक मुन्तिर *साङ साङ देन* (पवित्र लोक)-मा स्थापित गरिदिइन्। उहाँले यिनलाई अमर तथा सृजनाको निमित्त बुद्धि, विवेक, प्रज्ञा तथा आवश्यक मंगलकारी शक्तिहरूद्वारा अभिषेक गरिदिइन्। यिनी सूर्य किरण जस्तो जाज्वलमान छन् अनि चन्द्र-ज्योति झैं शीतल छन्। यिनले ईश्वरको आशिर्वाद पाएकोले गर्दा, जे पनि गर्न सक्तछन् अनि सबै कुरा जान्दछन्। यिनी नै प्रकृतिको सृष्टिकर्ता हुन् अनि यिनी ब्रह्माण्डको मातृत्व, शक्ति तथा अमर *माङ* (देव)-का प्रतीक हुन्।

पाँच शक्तिहरू (*नामुकसाम*= पंच-अद्‌भूत-शक्ति)-को आलोकदेखि दुइवटा अग्निकण सृष्टि भएको थियो। यी अग्निकणबाट आगोको विकास भयो। यो आगो बढ्दै-बढ्दै गयो अनि यसले पृथ्वीमा पर्याप्त प्रकाश प्रबन्ध गरिदियो। सर्वशक्तिमान ईश्वरले *ममान्दिन् माङ (नाम्बेमाङ)* र *कमला माङ (लाबेमाङ)*-को सृष्टि गरिदिए। तिनीहरूले यसको सट्टामा अग्निलाई हिम-गोलाझैं ठूलो बनाउँदै बनाउँदै सूर्य तथा चन्द्रमाको पूर्ण आकृतिमा ढालेर सूर्य र चन्द्रमाको सृजना गरिदिए। सूर्यको उष्णतादेखि पसीना जम्यो अनि यो वाष्पित हुँदै पृथ्वीको भूतलको परिशुन्यलाई भर्दै गयो अनि समुन्द्रमा परिवर्तित भयो। सूर्यको उष्णताले यो समुन्द्र परिवर्तित भयो। सूर्यको उष्णताले यो समुन्द्र वाष्पित हुनथाल्यो अनि बादलमा विकसित भयो, वृष्टि हुन थाल्यो, आँधी

चल्न थाल्यो, वायुको विकसित भयो अनि भूमरीमा परिवर्तित भयो। भूमरीले धूलकणहरूलाई संग्रह गरेपछि पृथ्वीको माटोमा परिवर्तित भएको थियो।

समुन्द्र विस्तारै वाष्पित हुन थाल्यो अनि मुरोपलुङ खेरोपलुङ शिलाखण्ड क्रमशः देखा पऱ्यो। यसरी नै *सिबुक थेगुप, खेरोप सिथेङ थेथेङ, सिमिक थेमाक* माटोहरू पनि देखा परे अनि *मुरूपलुङं खेरोपलुङ* शिलाखण्डलाई विस्तारै ढाक्दै गएपछि उर्वर-पृथ्वीमा परिवर्तित भयो। यसरी, पृथ्वीको सृष्टिपूर्ण भएको थियो। पृथ्वीमाथि नौवटा लोक(संसार) अनि नौ वटा लोक(संसार) पृथ्वीमुनि छन् भन्ने कुरामा लिम्बूहरू विश्वास गर्दछन्। यी अठारह वटा संसार (लोक)-हरूलाई विभिन्न प्रकारका देवी-देउताहरू, परमसत्ता एवं दिव्यशक्तिहरूले परिचालन गर्छन्, जो यस प्रकार छन् :

ब्रह्माण्डको अठारह देन (लोक)-हरू

अ. ९ संग्राम पेदाङ देन :

त्यो स्थान जहाँ पवित्रता, देदीव्यमान तथा प्रफुल्लता छन् त्यहाँ *तागेरा निङवाफूमाले* वास गर्दछिन्। यस स्थान परतिर कुनै देन (लोक) पाइन्दैन। यही नै अमर (अनश्वर) आत्माहरूको अन्तिम स्थान हुन्। निर्वाध/परमानन्दको निमित्त संसारमा रहेका जीवहरूको गन्तव्य स्थान नै यही हो। मानव-आत्माहरू तब अमर हुँदछन् जब तिनीहरू यहाँ आइपुग्दछन्। धार्मिक कार्य गर्ने मानिसले मात्र (नुयाम्बक) अनन्त जीवन प्राप्त गर्नका निमित्त यहाँ सिधै जान सक्तछ नत्रभने प्रायः मृतक आत्माले *'मुन्दाङ खारा देन'*-मा एउटा परीक्षाको सामना गर्नुपर्दछ जहाँ (सदाचार/सच्चाई) तथा दुष्टाचारको कर्ममाथि ईश्वरीय दण्ड *(सुयो खेयो)* दिइन्छ। तिनीहरूलाई दण्ड दिइने दिनसम्मन् तिनीहरूले पुर्खाको भूमि (साम्युक्ना देन) मा बस्नु पर्दछ।

अ. ८ साङ साङ देन :

यस धार्मिक स्थानलाई पवित्र-लोक भनिन्छ, जहाँ *सिगेरा याफून्दिन् हाङ*

पोरोकमी याम्फामी हाङ बस्दछन् । यही शक्तिमान सृष्टिकर्ता देवको संसार हो । यिनले आफ्नो सृष्टिको विश्वव्यापी व्यवस्थाको सफलताको निमित्त तथा शक्ति, ज्ञान, विवेक, प्रज्ञा अनि ब्रह्माण्डको सृष्टिको निमित्त उहाँबाट सतत् मार्गदर्शन पाएकोमा कृतज्ञता प्रदान गर्दै सदैव तागेरा निङवाफुमालाई प्रार्थना एवं तपस्या गरिबस्दछन् ।

अ. ७ माङखोमा देन :

यो तपस्या गरिने संसार अथवा तप-लोक हो जहाँ ४४ जना देव-देवी *(माङ सम्माङ* अनि *सम्माङ च्याङ)*-हरूले तप गर्छन् । यिनीहरूले विश्वव्यापी सृष्टिको व्यवस्थाको निमित्त भक्ति-गीत गाउँछन् अनि शक्ति, ज्ञान, विवेक, प्रज्ञाको निमित्त *तागेरा निङवाफुमाबाट* आशिष माग्दछन् तथा तिनीहरूलाई दिइएको अभिभारा अनुरूप विश्वव्यापी सृष्टिको कार्यकलापको समयमा पाइने उहाँको परामर्श एवं मार्गदर्शनको निम्ति कृतज्ञता प्रकट गर्दछन् ।

अ. ६ *से सेवा देन :*

यो शक्तिशाली *माङ* (देवगण), *सम्माङ* (देवत्वहरू) तथा *सम्माङ च्याङ* (परिजन)-हरूको संसार हुन् । यहाँ *सिगेरा याफुन्दिन हाङ पोरोकमी याम्फामी* बाहेक *नामुकसाम* सहित देवी-देउताहरूका दुवै हितैषी तथा अहितेच्छुहरू बस्दछन् ।

५ सुनाईङ तङ देन :

यो सत्य लोक हो जहाँ *सेन्दिगे* पेकेसाप्पा माङ (नियतिको देउता जसलाई सर्वशक्तिमानको सचिव पनि भनिन्छ)-ले प्रत्येक मानिसको सबै हिसाब-किताब (वही/खाता)-को व्यवस्थापन गर्दछ, अनि *पास्ती माङलाई* प्रस्तुत गर्दछ । ब्रह्माण्डको सबै जीवहरूका त्यस्ता कार्यकलापको हिसाब-किताबलाई सात जना *माङ* (देवगण)-हरूले यहाँ व्यवस्थापन गर्दछन् । यो ठाउँ जहाँ सबै धार्मिक शामानी पुरोहितका आत्माहरू — *फेदङमा, साम्बा, येबा,* र *येमाहरू* यहाँ *'साम-सिरे'*-को रूपमा बस्दछन् । यी *साम-सिरेहरू* सर्वशक्तिमान तागेरा *निङवाफुमाको* देखरेखमा सदैव तत्पर रहन्छन् ।

आफ्नो ईच्छा तथा आवश्यक्ता अनुसार यी आत्माहरूले समय-समयमा तन्रेरी ठिटा-ठिटीहरूको शरीरमा पुर्नजन्म लिन्छन् अनि पृथ्वीमा तिनीहरूले जीवनकाल *'साम-सिरें'* भएर उनीहरूका मानिसलाई सेवा गर्दछन्। यी *'साम सिरें'*-हरूलाई *तागेरा निङवाफुमा* स्वयंले र सोधुङ लेपमुहाङले निरन्तर मार्ग-निर्देशन गर्दछन् अनि लिम्बूहरूको कल्याणका निम्ति परिचालन गर्दछन्।

अ. ४ *मुथाङ खारा देन :*

यो न्याय-लोक हो। यस स्थानमा आत्माहरूको फसेला गरिन्छन्। *पाउती माङले* निर्णय दिन्छन्। *सेन्दिगे पेकेसम्पा माङद्वारा* व्यवस्था गरेको कार्यकलापको हिसाब-किताबको आधारमा *तुङहिके माङले* सठीक तथा धर्मपरायण फसेला दिने प्रक्रियालाई निरीक्षण गर्छन्। फसेलाको आदेशलाई पालन गर्नका लागि केही आत्माहरू घरिघरि पृथ्वीमा आउने गर्छन् अनि सजीव-प्रजक (Viviparus) अथवा अण्डज जीव प्राणी (Oviparus) -को गर्भाशयमा प्रवेश गरेर चल अथवा अचल जीवित वस्तुमा प्राण खोज्दछन् अनि कुनै आत्माहरू *खेमा पाङभेतिर* जानपर्छ र त्यहाँ अनिष्ट कार्य तथा पापपूर्ण कार्यहरूको प्रतिशोध लिन्छन्। जघन्य कर्म तथा अपराध गर्ने कर्ताको आत्माहरूले बाटो पाउँदैनन्। तिनीहरू कुनै जीव-प्राणीको गर्भाशयमा न त पुर्खाहरूमा नै जान सक्नेछन् अनि तिनीहरू विभिन्न आत्माहरूदेखि पीड़ित भइ पारलोकिक रूपमा भट्की हिड़दछन्, अनि तिनीहरूले पृथ्वीका जीवहरूलाई प्रनि सताउँदछन्।

तिनीहरूलाई पाशविक तथा निर्दयी देवगण *हाहामाङ, हसुमाङ, हाबेमाङ, हादोक माङले* आखिरकार बन्दी बनाउँछन् अनि सजाय तथा यातना दिँदछन्। अन्तमा, तिनीहरूलाई मनुष्य झै नगण्य प्राणीमा पुनः जन्मनलाई अनुमति पाउँदछन्।

अ. ३ : *तरङ ताङशाङ देन :*

यस संसारमा अहितेच्छु/अनिष्टकारी देवगण तथा देवीगण - *चिलिगेन नारा मिक्कीफुङ पारूहाङले* निवास गर्दछन्।

यस आकाश लोकमा *हाहामाङ* (हाँसोको देउता) *हाबे माङ*, (रोदनको देउता), *हाद्रोक माङ* (विषादको देउता) अनि *हसु माङ* (लालची तथा निर्दयी देउता)-हरूले निवास गर्दछन् । जब आत्माहरू यी देवगणहरूको संपर्कमा आउँदछन्, तिनीहरूले मानव-आत्माहरूलाई आफ्नो वशमा ल्याउँदछन् अनि यी आत्माहरूलाई तिनीहरूका सबै कुराहरू भूल्याइदिन्छन् । यस संसारमा यी देवगणलाई विनाशकारी स्वरूपमा पाइन्छन् । अपराध तथा जघन्य कर्म गरेका अपराधी आत्माहरूलाई यी निरंकुश तथा निर्दयी देवगणले *खेमा योङसोङ पाङभेकहाँ* सजाय र यातनाको निमित्त लैजन्छन् ।

अ. २ *सामयुक्ना देन :*

यो मृतवासीको भूमि हो । लिम्बुहरूको शामानी पुरोहितद्वारा मृतात्माहरूलाई यहाँ पुऱ्याइन्छन् । यी आत्माहरूले आफ्नो फसेला नपाइञ्जेलसम्म यही पुर्ख्यौली भूमिमा बस्नुपर्दछ अनि प्रत्येक आत्माहरूले आफ्नो कर्म-अनुसार अघिल्लो/आगामी यात्रा तय गर्नुपर्दछ ।

अ. १. *इकसादिङ खाम्बेक देन :*

यस भूमिमा, *माङ* (देवगण), सम्माङ (देवताहरू) सम्माङ च्याङ (पञ्जिन), मानव-आत्मा, पशु, देउतागण उद्भिद् तथा अनन्य सजींव-वस्तुहरू बस्दछन् । संसारको प्रत्येक सजीव-वस्तुहरूमा ईश्वरको बास बसेको हुन्छन् । यहाँ, देव-देवी, फूल, अन्न, थिसोक, तोकसोक, पशु-बलि आदिमा सन्तुष्ट रहेका पाइन्छन् ।

आ. २. *मुरूपलुङ खेरोपलुङ देन :*

यसलाई *मुरूपलुङमा, खेरोपलुङमा, माक्कालुङमा* अनि *पोयोङलुङमा* पत्थरले निर्माण गरेको छ ।

आ. ३. *मुगुपलुङ थेगुपलुङ देन :*

शुरूआत्मा, *वालिमाङले* यस स्थानलाई धातुले निर्माण गरेको थियो तर यस

कार्यमा सफलता पाएनन् । तत्पश्चात यिनले यस भूमिलाई *मुगोपलुङ थेगोपलुङ* पत्थरले बनाए ।

आ. ४. *मुरूपलि खेरूपली देन :*

अवानामा माङ यहाँ निवास गर्छन् अनि समय-समयमा पक्षीको स्वरूपमा पृथ्वीमा देखा पर्छन् । यदि यस देउतालाई सन्तुष्ट गरिएन भने, यसले पृथ्वीमा भयंकर क्षति पुऱ्याउँदछ । शामानीक धर्मगुरूहरूको गुरू हुन् भावनामा जसद्वारा उनीहरू जोखाना खुट्याउन सक्छन् ।

आ. ५. *मुजिङक्ना खेयङमा देन :*

यो प्रशस्त जलयुक्त लोक हो । *मुजिक्ना खेयङ्ना माङ* एउटा ठूलो माछा (मत्स्य)-को रूपमा यहाँ निवास गर्छन् । 'मुन्धुम'-का यिनी सत्ताधारी/विशेषज्ञ हुन् अनि शामानी पूराहितहरूको 'युमा-गुरू'-को नामले चिनिन्छन् ।

आ. ६. : *मुसेक्खा सेक्खाना देन :*

यो वृहत-ताल (पोखरी) रूपी लोक हो, यहाँ वरकमा मांङ (जलदेउता) निवास गर्छन् ।

आः ७. *तुङगुतलुङ हारालुङ देन :*

यो समुन्द्ररूपी संसार हो । यस संसार *तुङगुतलुङ पोकमा, हारालुङ पोकमा देन, सामजिक पोकमा देन, मुन्धुम पोकमा देन* हो अनि *तुङगुतलुङमा हारालुङमा माङहरू* यहाँ निवास गर्दछन् ।

आ. ८. *सुम्बादोमा लेकवादोमा देन :*

यो तुङबुङ वरकको कच्छी (दलदल) भूमि हो, जहाँ यिनी सृष्टिदेखि नै जस्तोको तस्तै भइ बसेका छन् ।

आ. ९. *खेमादिङ योङसोङ देन :*

यो नर्क लोक हो, जसलाई चारैतिरबाट अग्निले घेरेर राखेको छ । यस लोकलाई जेमाहाङ *(दामुहाङ)*-ले शासन गर्दछन् । अपराध तथा जघन्य कर्म गर्ने आत्माहरूलाई यहाँ सजाय तथा यातना दिइन्छन् । अन्तमा, तिनीहरूलाई मानवी रूपमा जस्तै नगण्य-प्राणीमा पुन जन्मनलाई मुक्ति गरिन्छन् ।

पृथ्वी र आकाशको सृष्टि पश्चात्, सर्वशक्तिमान देव- *तागेरा निङवाफुमाले* मानव, पौधा, चराचर, पशु, माछा, कीट्पतंग आदिलाई पृथ्वीमा उत्पत्ति गर्ने मनसाय राख्नु भयो ताकि यो सुन्दर देखिऊन् । उहाँले आफ्नो दूत *सिगेरा याफुमदिङहाङ पोरोकमी याम्फामीहाङलाई* पृथ्वीतलमा पठाएर यी सजीव-प्राणींहरूको उत्पति गर्ने निर्देश दिइन् । सबैभन्दा पहिला, सिगेरा याफुनसिङ हाङ पोरोक्मी याम्फामीहाङले स्वर्ण तथा चांदीका पुरूष तथा स्त्रीको मुर्ति बनाएर तिनीहरूमा आत्मा र प्राण हालिदि तर यी मुर्तिहरू जीवित हुन सकेनन् । तब यिनले *तागेरा निङवाफुमालाई* परामर्शको निम्ति प्रार्थना गरे । उहाँको मार्गदर्शन पाएर यिनले वंशभस्म (बांसको खरानी) पक्षीवि पत्थरमाथि संग्रहित जल तथा 'गम' (लिसो)-को समिश्रणबाट 'मान्छे'-को सृजना गर्नमा सफल भए । यिनले यी दुवैमा आत्मा तथा प्राण हालिदिए । लिम्बूहरू यि ईश्वरीय मानवका सन्तान हुन् भन्ने विश्वास राख्दछन् । सोही अनुरूप, यिनले सर्वशक्तिमान देव- *तागेरा निङवाफुमाको* मार्गदर्शन पाएर पृथ्वीमा पौधा तथा पशुहरूको सृजना गरे सुन्दर तथा सदृश्य तुल्याइदिए ।

यसर्थ, लिम्बूहरूले यस ब्रह्माण्डमा पृथ्वीमाथि नौवटा संसार (लोक)-हरू अनि पृथ्वीतलमा नौवटा संसार (लोक)-हरू छन् भन्ने विश्वास गर्दछन् । यी लोकहरूलाई *तङसिङ तेयमा मुन्धुम सामचोम्मा मुन्धुम* आदि समयमा वर्णन गरिन्छन् । मृतक आत्माहरूलाई संसारको फेदैबाट जम्मा गरिन्छ अनि शामानी पुरोहितहरूद्वारा पुर्खाहरूको संसार *साम युक्ना देन* मा लगिन्छ र विभिन्न अहितेच्छु *माङहरू,* जस्तै - *हाहा मा हाबे याङ, हसु माङ* आदिदेखि कुनै प्रकारको वाधा विना नै ती मृतात्माहरूको अन्तिम फसेला दिनमा मद्द पुऱ्याउँदछन् । ती संसारहरू यस्ता छन् :

युमा-साम्योका अठारह देनहरू

ब्रह्माण्डको शिखर

९.	*संग्राम पेदाङ देन*		वैकुण्ठ लोक (स्वर्ग)
८.	*साङ साङ देन*	-	पवित्र लोक
७.	*माङ खोमा देन*	-	तप लोक
६.	*से सेवा देन*	-	उज्वल लोक
५.	*सुनाईङतङ देन*	-	सत्य लोक
४.	*मुन्धाङ खारा देन*		न्याय लोक
३.	*तरङताङसाङ देन*		आकाश लोक
२.	*सामयुक्ना देन*	-	आत्मा लोक
१.	*इकसादिङ खाम्बेक देन*	-	पृथ्वी लोक
१.	*खाम्बोङबा लुङबोङबा युक्ना देन*		माटोको संसार
२.	*मुरूपलुङ खेरोपलुङ देन*	-	मट्टीको संसार
३.	*मुगुपलुङ थेगुपलुङ देन*	-	धातुको संसार
४.	*मुरूपूली खेरूपूली देन*	-	पाताल देव-लोक
५.	*मुजिक्ङना खेयोङना देन*	-	जल संसार
६.	*मुसक्खा सेक्खाना देन*	-	जल-देउताको संसार
७.	*तुङगुतलुङ हारालुङ देन*	-	समुन्द्री संसार
८.	*सुम्बादोना लोकवादोना देन*	-	दलदलको संसार
९.	*खेमादिङ योङसोङ देन*	-	नर्क कुण्ड-लोक (नर्क)

ब्रह्माण्डको अधो भाग

२. युमा-साम्यो नै लिम्बुहरूको जीवन-मार्ग हुन् :

यो मानिसद्वारा बनाइएको धर्म होइन। यस आस्थालाई/मतलाई *थुङसाप ला* (मौखिक मुन्धुम)-द्वारा पीढ़ी-दर-पीढ़ी, सन्तान-दर-सन्तानमा पराम्परिक तरिकाले हस्तान्तरित गरिल्याएका छन्। *तागेरा निङवाफुमा* - एकमात्र परम-सत्य तथा परमसत्ता हुन्। उहाँ सर्वज्ञानी, सर्वव्यापी, सर्वशक्तिमान, अनन्त तथा शाश्वत हुनुहुन्छ। अरू सबै देवगण (माङ) देउताहरू (साम्माङ) तथा परिजनहरू (साम्माङ-च्याङ) उहाँका दूतहरू हुन्, ज-जस्ले उहाँले दिइएका कार्य अभिभारालाई कार्यान्वित गर्दछन्। सर्वव्यापी भगवान भएको हुनाले, उहाँ नै सृष्टिकर्ता हुनुहुन्छ अनि ब्रह्माण्डको पालनकर्ता/पालनहार हुनुहुन्छ। उहाँले मानिसलाई सुख-शान्ति प्रदान गर्नु भएको छ भने, दुष्टात्माहरूदेखि मानिसलाई सुरक्षा अनि समृद्ध पनि तुल्याएकी छिन् र लिम्बुहरूले उहाँलाई 'युमा'-को रूपमा पूजा-अर्चना गर्दछन्।

३. युमावाद - प्राणकृति हुन् :

प्रायः देउता तथा तिनीहरूका परिजनहरू प्रकृतिको प्रमुख संवृत्ति/चमत्कारको आदर्श/मानवीकरण हुन्। लिम्बुहरूले प्रकृतिको विभिन्न शक्ति तथा आविर्भाव (प्रकटीकरण)-लाई पूजा गर्छन्, जस्तै -- सूर्य, चन्द्रमा, आकाश, अग्नि, पृथ्वी, वा आदि। मानव लगायत प्रकृतिको प्रत्येक वस्तुहरूमा आत्मा हुन्छन्। *माङ* (देउता)-हरू मानवी आकृति बिना नै दुर्बोध/अमूर्त, अवर्णनीय तथा सत्तात्व हुन्छन् तर उनीहरूसित ब्रह्माण परिचालन गर्ने निश्चित भूमिका/कार्यविधि हुन्छन्।

४. युमावादले येत्छाम (आठवटा आत्मा)-हरूमा विश्वास गर्दछ :

प्रत्येक मानिससित आठवटा आत्माहरू जस्तै : *हाङसाम, पुङसाम, सी सा-निसाम, खेमसाम, सिक्कम साम, निङवा साम* तथा *थना साम* विद्यमान हुन्छन् भ- कुरालाई लिम्बुहरूले विश्वास राख्दछन्। मानिसमा भएको पञ्च-इन्द्रिय (पाँच इन्द्रिय)-को प्रत्यक्ष-ज्ञानलाई पनि भिन्नभिन्नै आत्माहरू (जस्तै) मान्दछन्। मृतकको स- आत्माहरू पुर्ख्यौली संसारमा जानै पर्दछ।

शामानी पूरोहितहरू *(फेदङ्मा, साम्बा, येवा या येमा) साम सामा* तथा *साम चम्मा मुन्धुम* मार्फत् *साम युक्ना देनको* संसारमा मानिसको आत्माहरूकहाँ पुग्दछन्। आत्माहरूले आ-आफ्ना कर्म अनुसार, अंततः *सङ्ग्राम पेदाङ देनमा* जाने बाटो पाउँदछन्। आत्माहरूले पृथ्वी *(इकसादिङ खाम्बेक)* देखि स्वर्ग पुग्नलाई आठवटा संसार पार गर्नु पर्दछ। जुन मानिसको आत्माले यस संसार अर्थात् *सोगा, सुगुत, सासिक* आदिको आत्माहरूले यहाँ बस्न रूचाउँछन्, तिनीहरूलाई *शामानी* पुरोहितहरूले *खेमादिङ थङसङ देन* (नर्क) तिर पुऱ्याइदिन्छन् र त्यहाँ यस्ता आत्माहरूले अनन्त *नरकदण्ड* भोग्नु पर्दछ।

५. युमावादले आधिदैविक सत्ताको गुढ़ अनुभूतिमा विश्वास राख्दछन् :

यस्ता आधिदैविक सत्ताका दुइटा प्रारूप हुन्छन्, (१) अहितेच्छु तथा (२) हितैषी। यसलाई मानिसका पापमय तथा ईश्वरपरक साधनाको प्रतिफल मानिन्छन्। हितैषी देउताहरू स्तुति मार्फत आह्वान गरिन्छ अनि निश्चित पूजनह्रउपासना-पद्धति मार्फत सन्तुष्ट गरिन्छ। यो एउटा साधारण पूजन-अनुष्ठान हो। तर अहितेच्छु देउता तथा प्रेतात्माहरूलाई धार्मिक अनुष्ठान गरेर तिनीहरूको ईच्छालाई परिपूर्ण पारेर या जादुई अनुष्ठान, मंत्रोच्यारणद्वारा कुनै क्षतिह्रहानि नपुऱ्याई ठाउँ छाड़न लाउनु पर्दछ, यही नै लिम्बु शामानी व्यावहारिकताको एउटा विशिष्ट शाखा हुन्।

६. युमावादमा कुनै मन्दिरहरू हुँदैनन्:

मुन्धुमलाई मौखिक परम्परा मार्फत प्रायः जसो कथा-कुथुंग्रीको रूपमा पींढ़ी-दर-पींढ़ी हस्तान्तरित गरेका छन्। धार्मिक अनुष्ठान तथा कर्मकाण्डहरू शामानी प्रायः व्यावहारिकतामा आधारित छन्। पूजन, मंत्रोच्चारण, तंत्र-मंत्र, जादुई, भोग तथा समाधिहरू नै यस्ता व्यावहारिक साधनहरू हुन्। *फेदाङ्मा, साम्बा, येबा* र *येमाहरू* नै शामानी पुरोहितहरूका अवतारहरू हुन् भनेर जानिन्छन्। हालसालै युमावादको *सत्तेहाङ्मा* सम्प्रदाय/पंथी/मतको प्रचार भएकोले गर्दा, लिम्बूहरूले पनि *माङखिमको* निर्माण गर्न थालेका छन्। यद्यपि, यसभन्दा अघि कुनै *माङखिम* निर्माण गर्ने कुनै परम्परा थिएन।

७. शामानी पुरोहितहरू :

फेदाङ्बा, साम्बा, येबा अथवा *येमा* नै देउताहरूका अवतार हुन्, जसलाई लिम्बूहरूका कल्याणका निमित्त *तागेरा निङ्वायुमाले* समय–समयमा देहान्तरण मार्फत यस संसारमा पठाउँदछिन् अनि पृथ्वीको लिम्बुहरूलाई तिनीहरूले सहायता पुऱ्याउँदछन्। तिनीहरूको मृत्युपश्चात् तिनीहरूको आत्मा *सुनेईङतङ् देनमा तागेरा निङ्वाफुमाको* आदेश अनुसार देहान्तरण अनुरूप बस्दछन् अनि समयमा फेरि पृथ्वीमा जन्म लिन्दछन् जुन कुरा पूर्णरूपेण सर्वशक्तिमानको ईच्छामाथि तथा तिनीहरूको मृत्यु अगाड़िको कर्महरूमाथि अनि यस संसारमा शामानी पुरोहितको रूपमा उसको आवश्यक्तामाथि निर्भर गर्दछन्।

❋❋❋

लिम्बूका धार्मिक पुरोहितहरू

लिम्बू-फेदाङ्मा, साम्बा, येबा अथवा येमाहरू एउटा अंश-कालिक धार्मिक व्यवसायी हुन्, जसले नियंत्रित समाधि, भाव-समाधि अथवा अधिनस्थ अवस्थामा अलौकिक सत्त्वको तथा उनीहरूको ठेकाना, आचरण, रूचि-अरूचि, खाँचो एवं आवश्यक्ताहरूको आन्तरिक ज्ञान प्राप्त गर्न सक्षम हुन्छन्। यिनी मानव-आत्मा-सम्बन्धी विशेषज्ञ हुन्, यसर्थ, लिम्बु समाजमा यिनले डाक्टर (वैद्य), मनश्चिकित्सक तथा *शामानी* पुरोहितको कार्यकलापलाई परिपूर्ति गरिदिन्छन्। लिम्बुहरूले शामानी पुरोहितहरूलाई *'तागेरा निङ्वाफूमा'*-द्वारा पठाइएका हुन् भन्ने विश्वास गर्दछन् अनि उहाँ स्वयंले सृष्टि तथा संसारको मानव जीवधारीको हेरचाह गर्दछिन्। लिम्बू मुन्धुम सिक्यो भन्दैमा कोइ पनि आफू खुशीले लिम्बूको शामानी पुरोहित बन्न सक्दैन। शामानी पुरोहित हुनलाई सर्वशक्तिमान सर्वप्यापी भगवान *तागेरा निङ्वाफुमाको* ईच्छामाथि निर्भर गर्दछ अनि यस संवृत्ति (चमत्कार)-लाई *'तागेरा निङ्वाफुमा रे आसेनाङ लत आबोङ'* भनिन्छ।

लिम्बु *फेदाङ्मा, साम्बा, येबा,* अथवा *येमा* अन्य पुरोहितसित कसरी भिन्न हुदँछन्?

लिम्बू फेदाङ्मा, साम्बा, येबा अथवा येमा प्रायः हिन्दु वा ख्रिस्तान पुरोहितदेखि निम्नलिखित लक्षणहरूद्वारा चिन्न सकिन्छ :

(१) लिम्बू *फ़ेदाङ्मा, येबा* अनि *येमा* - अंशकालिक विशेषज्ञहरू हुन् अनि पुरोहितले गरे जस्तै यिनीहरूले आफ्नो पूर्ण आजीविका धार्मिक व्यवसायद्वारा मात्र चलाउँदैनन्।

(२) यिनीहरूले आफ्नो प्रतिष्ठा (नाम)-लाई उत्तराधिकारिक रूपमा पाउँदैनन् तर यसलाई दैनिक मध्यस्थताद्वारा उपार्जित गर्दछन्, जुन पारिवारिक कुल

(वंश) भित्रै भाव-समाधि अथवा अधिकृत अवस्थामा युवाकालमा प्रायः हुने गर्दछन्। तर पुरोहितसित शामानी मनोवृत्तिको कमी हुँदछ अनि यसलाई उत्तराधिकारीको रूपमा, अध्ययनद्वारा अथवा वंशक्रमको उच्च माध्यमद्वारा प्राप्त गर्दछन्।

(३) यिनीहरू प्राथमिक तौरमा उपचारक तथा चिकित्सक हुन् जबकि पुरोहितले रोग तथा विपत्तिको निदान गर्दैनन् तर अलौकिक सत्त्वलाई प्रार्थना अनि धार्मिक आहुति दिनमा मात्र सीमित रहँदछन्।

(४) यिनीहरू प्रायः लज्जालू हुन्छन् तथा मंदिर पूजा जस्ता कार्यकलाप जो पुरोहितहरूका व्यवसाय हुन्, यस्ता काम गर्नदेखि टाढै बस्दछन् अनि -

(५) यिनीहरू नियंत्रित अवस्थामा भावविभोर रहने हुन्छन्, यस समाधिको अवस्थामा तिनीहरू एउटा माध्यम हुने गर्दछन् जसद्वारा अलौकिक सत्त्वले तिनीहरूको इच्छाहरूको जानकारी दिन्छन् अनि प्रायशः आकस्मिक रूपमा तिनीहरूलाई शक्ति पनि प्रदर्शन गरिदिन्छन्।

लिम्बू धार्मिक पुरोहितका प्रकार

मूलरूपमा लिम्बू धार्मिक पुरोहितहरू चार प्रकारका हुन्छन्, जस्तै - *फेदाङमा, साम्बा येबा* अथवा *येमा* अनि *युमा*। गैरलिम्बुजातिले यिनीहरूलाई छुट्ट्याउन प्रायः गाह्रो पर्दछ। तिनीहरूका कार्यकलाप सुनिश्चित हुन्छन् तर यी सबै धार्मिक पुरोहितहरूले बिहे-बटुल, मरौ-परौ, जागरण, बाली-कटाई तथा पारिवारिक कल्याणार्थ समय-समयमा गरिने धार्मिक अनुष्ठान आदि पनि गर्न सक्तछन्। यी मध्ये एउटालाई यस्तो धार्मिक अनुष्ठान गराइनु छ भने, त्यो समाजमा उपलब्ध पुरोहित तथा प्रत्येकको रूचिमा आधारित हुने गर्दछन्। उनीहरूका सामान, धार्मिक अनुष्ठान अनि रोगोपचार तथा विपत्तिको निदान अनि अन्य प्रकोप जो दैविक कारणहरूले गर्दा विघटित हुन्छन् यिनीहरूका कार्यकलापद्वारा यिनका भिन्नता खुट्याउन सकिन्छ। अन्यथा, अन्य समुदायहरूका शामानी पुरोहितहरूले पनि गैर-लिम्बुहरूलाई विघ्नै भ्रान्तिपूर्वक का

सम्पन्न गरिदिन्छन् । उदाहरणार्थ - माङपा, बिजुवा तथा ओझा पनि किराती समुदायहरूका शामानी पुरोहितहरू हुन्, अनि धामी अथवा झाँक्री पनि अन्य नेपाली समुदायका हुन् तर यी सबै शामानी पुरोहितहरूले पनि लिम्बूका विविध कर्मकाण्डलाई केही हदसम्म गर्ने योग्यका हुन्छन् । *फेदाङमा, साम्वा, येबा* अथवा *येमाहरूले* पनि धामी, अथवा झाँक्री अथवा अन्य नेपाली समुदायका सामसिरे अथवा आत्मा अथवा गुरू थाप्न सक्तछन् अनि यिनीहरूले, तसर्थ, ढ्याङरो, सेउली आदि बजाएर नेपाली धार्मिक अनुष्ठान गर्न सक्तछन् । कतिपय मानिसहरूले पारंपरिक पौधा तथा जड़ीबुटीको सहायताको केही रोगादिको निदान गर्न सक्तछन् । तिनीहरूलाई *वैदाङ* भनिन्छ । *फेदाङमा, साम्बा, येबा* अथवा *येमाहरूले* पनि आफ्नो अनन्य शामानी शक्तिको अतिरिक्त यस्ता पारंपरिक औषधिहरूको व्यवहार गर्न सक्तछन् । यसर्थ, यस्ता अतिचादित - शामानी शक्ति तथा पारंपरिक पौधा एवं जड़ीबुटीको व्यावहारिकताले गैर-लिम्बू मानिसहरूमा विघ्नै भ्रान्ति उत्पन्न/सृष्टि गरिदन्छन् । यद्यपि, यी सब उपरोक्त जनाइएका लिम्बू तथा गैर-लिम्बू शामानी पुरोहितहरूले केही मात्रामा अथवा धेरै अनुष्टान गर्न समर्थ होलान् तर तिनीहरूको प्रभावशीलता उनीहरूको विशेषज्ञतामाथि निर्भर रहँदछन् । लिम्बू शामानी पुरोहितहरूका आधारभूत वर्गीकरण तथा विशेषज्ञता यहाँ तलतिर दिइन्छन् :

लिम्बू धार्मिक पुरोहितहरू

सम्पूर्ण शामानी मामला (कास्बार) -लाई ये-हाङद्वारा नियंत्रित तथा सञ्चालन गरिन्छ जो अग्रज धार्मिक विशेषज्ञहरूका समुह हुन्

ये-हाङ

फेदाङमा	साम्बा	येबा अथवा येमा	युमा
(पुरुष)	(पुरूष)	(पुरूष) या (स्त्री)	(स्त्री)

लिम्बू धार्मिक पुरोहितहरूको सामान अथवा परिधान :

लिम्बू धार्मिक पुरोहितहरू बीच हुने भिन्नतालाई तिनीहरूका निजी परिधान अथवा सामा तथा शामानी उपकरणहरूले परिभाषित गर्दछन् । साधारणतः सामालाई लिम्बूभाषामा शामा भनिन्छ । यसलाई धार्मिक पुरोहितले लगाउँदछ जब उनी 'यगेसिङ' खम्बा वरिपरि नाँच्दछन् । सम्पूर्ण परिधान अथवा सामा एउटा सानो वस्ता अथवा एउटा सानो *'भुनें'* (सानो बाँसको डेली) भित्र राखिएको हुन्छन् जसलाई *'येलुम्फु'* भनिन्छ ।

फेदाङमाको परिधान (सामा) :

फेदाङमाको परिधान अथवा सामा सबै लिम्बु धार्मिक पुरोहितहरूको भन्दा अत्यन्त साधारण हुन्छन् । फेदाङमाको सबैभन्दा मुख्य सामालाई *'फेङबों'* भनिन्छ । यो एक सय आठवटा रूद्राक्षको माला हुन्छ अनि *सिरपोङ* (सानो पित्तलको घण्टीहरू)-को दुइ-चार वटा घण्टीहरू तल्तिर झुण्डेको हुन्छ । कहीं कहीं भने *केबा सेन्दी* (बाघको नङ), *सेराहेबो* (जंगली बनेलको दाँत) आदि पनि *सिरपोङसिंतै* झुण्ड्याएको हुन्छन् । *फेङबो लाफिजा मुदेनफे* (लामो तरवार) अनि याथाला (काँसको थाल)-हरू मात्र *फेदाङमालाई* चाहिने सामग्रीहरू हुन् । अन्य सबै परिधानहरू जुन यिनले पाएका छन् अथवा शामानी अनुष्ठान गर्दा प्रयोग गर्छन्, तिनीहरू अनुपूरक/द्वितीयक महत्त्वका हुन् अनि तिनीहरूलाई यिनले आफ्नो अतिरिक्त शामानी शक्तिको बढ़ोत्तरीका निमित्त उपयोग गर्दछन् । यिनले दुष्टात्माहरूलाई भगाउनका निम्ति *येमा* तथा *येबाका वासाङ* पनि प्रयोगमा ल्याउन सक्तछ । ढ्याङरो, त्रुशूल, घुङरिङ - सेउली, स्फटिक पत्थरहरू *(पतीलुङ)*, रतदूला कौड़ीहरू, बज्रका ढुंगाहरू *(सेरीलुङ)* आदि पनि चलाउदछन् तर यी सबै परिधानहरू *फेदाङमाका* आवश्यक सामग्रीहरू होइनन् । *फेदाङमा* सधै (सदैव) एउटा पुरूष शामानी पुरोहित हुने गर्दछ ।

साम्बाको परिधान (वेशभूषा) :

फेदाङमा, साम्बा तथा *सिङ फेदाङमाका* बीच धेरै भ्रान्ति पाइन्छ । साम्बा एउटा विवेकी मानिस हुन् अनि लिम्बू धार्मिक पुरोहित एउटा विशिष्ट श्रेणी हो, जसले

याकथुङ मुन्धुम जानेको हुन्छ अनि धेरै किसिमको धार्मिक अनुष्ठान सम्पन्न गर्दछ। *सिङ फेदाङमा* भनेको अति वरिष्ठ फेदाङमा हुन्, जो लिम्बू मुन्धुमको एक सत्ताधारी/ विशेषज्ञ/अधिकारिकी नै हुन्। *साम्बाको* आफ्नै परिधान हुन्छ तर यो फेदाङमा अथवा येबाको जस्तै हुँदछन्। *साम्वाहरू* पुरूष शामानी पुरोहितहरू हुन्छन् अनि *साम्बाको* परिधान (वेशभूषा)-हरू, *फेङबो, सुक्वा, याथाला, येपोंगे, पागा, पाङफोई, आपलाक, वासाङ, ओइतिङ, थोकेरी पेन्याङमा सुक्वा ओमलारी तेतरी, आपलाकसित* गाँसेको *सुक्वा यासिम* आदि *येबाको* जस्तै हुन्छन्।

येबा अथवा *येमाको* परिधान (वेशभूषा) :

लिङभेदले मात्रै *येबा* अनि *येमालाई* खुट्याउन सकिन्छ, *येबा* पुरूष हुन् अनि *येमा* भने स्त्री हुन्। यसर्थ, *यगेसिङ खम्बा* वरिपरि नाँच्दा (नृत्य गर्दा) लगाउने *येबा* र *येमाको* परिधान एउटा खाल्का हुन्छन्। *फेदाङमा* र *साम्बाको* जस्तै *येबा* र *येमाको* सामा पनि ज्यादै जटिल हुन्छन् अनि निम्नलिखित अवयवहरूले बनिएका हुन्छन् :

(१) *फेङबो*: एक सय आठवटा पिम्ब्रीक्पा (ढ्रिा) अथवा रूद्राक्ष पोमाइ (माला) सहित सिरपोङ, बाघको नङ्ग्रा, वनेलका दाह्रा आदि भएको हुन्छन् जो फेदाङमाको जस्तै हुने गर्छन्। *येबा* र *येमाले* आफ्नो विशेषज्ञता अनुरूप प्रायः दुष्टआत्माहरू भगाउने अनुष्ठान गर्दछन् अनि साँपको मेरूडण्डीले बनाइएको '*ओसेक पोमाइ*'-को चलन पनि गर्दछन् जसद्वारा यिनीहरूले बोक्सा-बोक्सीलाई धपाउने गरेको मानिन्छ।

(२) *याबोतो* अथवा *यालोगेक* : कुनै कुनै *येबा* र *येमाले* सेतो कमीज पनि लगाउँदछन्।

(३) *सिम्ना* अथवा *याजामा* अथवा *येसिम*: एउटा लामो पट्याइएको अंगवस्त्र जुन कमरमा बाँधिन्छ जसलाई एउटा सुतीको तुनाको कमरपेटीले जोड़ेको हुन्छ। यो प्रायः सेतो, पट्याइएको अनि एउटा ठूलो रातो सपाट पट्टीले सिंगारेको हुन्छ,

एउटा चाँहि तिघ्रासम्म अनि अर्को चाहिँ कापसम्म झुण्डेको हुन्छ।

(४) *या-फ-इ वा पाङफङ्इ :* एउटा रातो सुतीको ठूलो पेटीलाई कमरमा बाँधिन्छ। यसको एउटा फेद चाँहि अंगवस्त्रको अघिल्लो पट्टि खुट्टासम्म झरेको हुन्छ।

(५) *ये-जे-फे :* शिरवन्दी अथवा टाउकोमा बाँधिने पट्टी चाँहि एउटा घुमाउदार टेक भएको मुकुट जस्तै हुन्छ, त्यसमा सुतीको अथवा परालको गद्दीलाई लुगाले ढाकिएको हुन्छ, अनि त्यसमा कौड़ीहरू (पागा) सिलाइएका हुन्छन्। *ये-जे-फे लाई* थाम्नका निम्ति *वासाङ* तथा *अईतिङ* (दुम्सीको काँड़ाहरू)-लाई छ वटा भिन्नभिन्नै समुहमा घुसारेका हुन्छन्।

(६) *वासाङ :* यसमा पाँच-छ इञ्च लामो खोक्रो शंकु लगाइएको हुन्छन्, त्यसमा धेरै प्रकारका प्वाँखहरू घुसारेका हुन्छन्। वांदो चरा, *(Gracula religious)*, भाले (वा), साम्दाङवा *(Lophophorus inpejanus)*, खेवा, मोरा (मजूर), काराङवा *(Flammingo)*, मुया *(Buzzard)*, तिकवा, *मेकेम पु*, आदिका प्वाँखहरू लगाइएका हुन्छन्।

(७) *या-बुरको :* यसमा कालो वस्त्रको एउटा लामो चोटीको फेदमा एउटा रातो आरोप हुन्छ जुन शिरवन्दीसित जुड़ेको हुन्छ अनि *येबा* अथवा *येमाको* ढाड़ पछाड़ि तलतिर झुण्डेको हुन्छ।

(८) *आपलक :* यसमा दुइवटा कण्ठीहरू हुन्छन् अनि यसलाई झण्डी जस्तै लगाइन्छ — एउटा देब्रेतिर अनि अर्को दाहिनेतिर। यसलाई लहरमा कौड़ीहरूले बनाइएका हुन्छन् अनि सुतीको गद्दीमा तिर्यक लहरमा राखिएका हुन्छन्। प्रत्येक कण्ठीहरूको फेदमा दुइवटा *'या जाबों'* अथवा *'ये-सुक्वा'* (थैलीहरू) हुन्छन् जसलाई कौड़ीहरूले दुइवटा तेस्रो लहरमा सिंगारेको हुन्छ, त्यहाँ बाघको दाँतहरू, वनेलको दाह्रा (सेरा) तथा विभिन्न चराचुरूङीहरूको प्वाँखहरू लगाइएका हुन्छन्।

(९) *या-पोंगे अथवा याहाङ पोंगे*: यसमा मृगका अथवा भालू अथवा बाघ *(केबा)*-को छालाले बनिएको एउटा छालाको कमरपेटी हुन्छ। यसमाथि घण्टीहरूको क्रमिक लहर (*यापोंगे* अथवा *याहाङ पोंगे* अथवा *खिरिङ पोंगे*)तथा ताँबा या पित्तलका ससाना गोलाकार घण्टीहरू हुन्छन्। अन्य सबै घण्टीहरू सानो छालाको पट्टीसित जोड़िएको हुन्छ।

(१०) *या-थाला*: यो एउटा काँसको थाल हो जसलाई चेत्थया पनि भनिन्छ। यस थाललाई छोटो डण्ठाले ठोकेर बजाइन्छ।

(११) *याके अथवा होङसिङ*: अड़ाई फुट लामो, धोन्द्रे काठले बनाएको अनि मृग अथवा बाख्राको छालाले दुवैपट्टि छेकेर साकफारा चोइक चोगेमा बाँधेको हुन्छ।

(१२) *ला-फिजा अथवा मुदुन्के*: फिजा जस्तै लामो सीधा भएको तरवार।

(१३) *पागा*: रातो र सेतो लुगाले बनिएको फेटा, जसमा वासाङ सिउरेको हुन्छ।

युमाको परिधान (सामा) :

*फेदाङमा*जस्तै गरी *युमाको* परिधान पनि सरल हुन्छ। *युमा सामको*आवश्यक परिदान यस प्रकारको हुन्छ :

(१) एउटा सानो खुर्मी चाँहि आवश्यक पर्दछ। यस खुर्मीको सहायताले युमाले फसल उठाउने गरेको ठानिन्छ। यसले *युमालाई* द्वेष तथा *आहिसदेखि* पनि रक्षा गर्दछ।

(२) चौरीको सेतो चमर (पुच्छर)।

(३) कसेर बनाएको बाँसको थुन्छे - लुम्फु (थुम्से)।

(४) एउटा सानो झ्याम्टा।

अन्य पुरोहीतहरूभन्दा भिन्नै तर युमा सामले साधारणतः *फेदाङ्मा, येबा, येमा,* धामी र झाँक्री जस्तो परिधान लगाउँदैन। उनी स्त्री धार्मिक पुरोहित हुन् अनि रोगोपचार जस्तो अनुष्ठान गर्दिनन्। उहाँले रोग-व्याधिको निदान, विपत्तिको भविष्यवाणी गर्न सक्नुहुन्छ अनि उहाँ ज्यादातर युमाको पूजा-अर्चना मै समय व्यतित गर्नुहुन्छ। गैर लिम्बूका निम्ति, युमा साम र येमा एउटै जस्ता देखिन्छन् तर यी दुवैमा आधारभूत वैभिन्यता छन्।

लिम्बू धार्मिक पुरोहितहरूको वृतिमूलक वर्गीकरण

लिम्बू धार्मिक पुरोहितहरूको समाजमा केही विशिष्ट कार्यहरू निर्धारित हुन्छन्। लिम्बूहरूमा यो विश्वास छ कि *फेदाङ्मा साम्बा, येबा* अथवा *येमा* अनि *युमासामलाई* सर्वशक्तिमान *तागेरा निङ्वाफुमाले* कतिपय विशिष्ट कार्यहरू सहित संसारका मानव सन्तति (उहाँका शिशुहरू)-लाई सेवा गर्न पठाइएका छन्। यीनिहरू यसैले, आफ्नो कार्यक्षेत्रमा विशेषज्ञता हासिल गरेका हुन्छन् अनि सबै प्रकारका धार्मिक तथा शामानी अनुष्ठानहरूसित खेलवाड़ मात्र गर्नु होइन अपितु तिनीहरूले आफ्नो कार्य विधिहरू गर्नु पर्दछन्। यसर्थ, धार्मिक पुरोहितहरूको गर्ने निदान तथा रोगोपचार अनि विपत्ति र अन्य प्रकोपहरूमाथि पाइने प्रभावशीलता नै अलौकिक चमत्कारमा निर्भर भएकोले उनीहरूमा विशेषज्ञता झलकन्छन्। लिम्बू धार्मिक पुरोहितहरू (शामानी)-का निम्नलिखित वृत्तिमूलक कार्यहरू हुन्:

१. *फेदाङ्मा :*

फेदाङ्माले याहाङ्को उपस्थितिमा निम्नलिखित धार्मिक शामानी कार्यहरू सञ्चालन गर्नमा खप्पिस हुन्छन् : लिम्बूमा - धार्मिक अथवा शामानी अनुष्ठान तथा कार्यहरू गर्नुलाई खमा भनिन्छ।

१. *हिम साम्माङ खमा*

२. *काप्पो-थुङ-दाङ खमा*

३. *थबा-साम अथवा केम्बा खमा*

४. *मुनामा खमा*

५. *चेरूङमा खमा*

६. *सेनेमा खमा*

७. *मेफ्रामा खमा*

८. *पोयोङलुङमा अथवा फुङ-केजाबा खमा* (यही नै फेदाङमा, साम्बा, येबा अनि येमाको मुख्य आत्मा हुन्)

९. *याङफुमा खमा*

१०. *काम्सामा खमा*

११. *तेन्छामा तकसङबा* (यो पनि फेदाङमाद्वारा प्रयोग गरिने एउटा आत्मा हो)

१२. *सिङबुङ खमा*

१३. *युमाङ खमा अथवा कुसङ-कुरिङ खमा*

१४. *साप्पोक - चोमेन खमा*

१५. *मेत्काम थिम चोक्मा*

१६. *माकलाङबा खमा*

१७. *खाउमा साम सामा* (देहान्त अनुष्ठान)

१८. *मुदेन खमा*

१९. *तङ-सिङ-तक्मा*

२०. *ओक-वा-नामा-खमा*

२१. *क्राहा काक् मा*

२२. *फुङवा चाङमा*

२३. *थिसोक तक् सोक फिम्मा*

२४. *माङगेन्रा चोक्मा*

२५. *माङेना चोक्मा।*

फुङजिरी फुङगाप्पो फेदाङमा चाँहि फेदाङमा मध्ये सबैभन्दा अग्रज थिए जसलाई अनुष्ठानको विकास तथा क्रियान्वयन गर्नलाई, विरामीको उपचार गर्नलाई, प्राकृतिक प्रकोपको निवारण गर्नलाई, अनि आत्मा तथा दुष्ठात्माका देवत्वहरूद्वारा आइपर्ने सबै प्रकारका दुःख र उत्तार-चढ़ावहरूको पत्ता लगाउनका निम्ति उत्पत्ति गरेका थियो यिनलाई सर्वव्यापी भगवान तागेरा निङवाफुमले पुनः उपनिवेश गरेका मानव सन्ततिको हेरचाह गर्नका निम्ति सिधै पठाइएका हुन् । यिनलाई मानवी भेषमा भएका करूणाको देउता हुन् भनेर विश्वास गर्दछन् । तब *खामजिरी खाम्बोङ फेदाङमा, लुङजिरी लुङबोङ फेदाङमा, सिङजिरी सिङवोङ फेदाङमाहरूको* धरतीमा उदय भए, जो आदिवासीहरू (Autochthon)-का *फेदाङमाहरू* थिए, तिनीहरूलाई प्रायशः अर्धदेवहरूका रूपमा विश्वास गरिन्छिन् । कालान्तरमा तिनीहरू चमत्कारी शक्तिहरूले सम्पन्न धेरै फेदाङमाहरूमा देखा परे अनि तिनीहरूलाई *नामजिरी नामवोङ फेदाङमा* लाजिरीलाबोङ *फेदाङमाको* नामले जानिन्थे जो सूर्य र चन्द्रदेखि सिधै आए *(मिकतिङ साम्सुइ फेदाङमा)* अनि यसरी आउँदै गए ।

फेदाङमाले साप्पोक चोमेन (गर्भाशयको उपासना) *याङदाङ फोङमा* (जन्मको समयमा अशुद्धिको परित्याग तथा शिशुको नामाकरण गरिने धर्मविधि), *तेन्थाम मेखि* (विहे) साम-सामाको अन्त्येष्ठि क्रिया (मृतकको आत्मालाई उसको पुर्वजकहाँ सुम्पि अन्त्येष्ठि धर्मविधि)., युम चामा (मातमीको बेलामा. निकट सम्बन्धीहरूलाई नून तथा तीतो (तिक्त/तीक्ष्ण) खाद्यहरू खुवाउने धर्मविधि खाउमा अथवा *साम चम्मा* (मृतकको अन्तिम शुद्धिकरण गरिने धर्मविधि), फसल उठाइने *'चासोक-थिसोक'*-को धर्मविधि खाद्यान्न तथा प्रथम चोटि पाकेका फलादिलाई पहिलो चोटि ईश्वरहरूलाई चढ़ाइन्छ लगायत प्राकृतिक आत्माहरूप्रति गरिने विविध प्रकारका उपासनाहरू गर्दछन् । (चेमजोङ १९६१, जोन्स, १९७६; सेगन्त, १९७६, सुब्बा, १९८९) । यिनले साधारण रोगहरूको पनि निदान गर्दछन् अनि फेदाङमाका पुरातन परम्परा तथा कार्यप्रणालीहरूको पुर्वानुमान गर्न सक्तछन् । यिनले घरेलु देवी-देवताहरू, जस्तै — *युमा, थेबा, आकवानामा, हि साम्माङ, सबा साम्माङ, लुम्मेइप्पा, मुन्देम्बा,* चखोवा, *पिच्छामा, मिसेक्पा* अ

तथा प्रकृतिको अधिपतिहरू, जसलाई साधारणतः *तामफुङ्ना, तोकसोङ्बा, खोन्जोमा, बारोकम्मा, सेङ्घामा* आदिलाई तिनीहरूले मानव सन्तति माथि गरेका दुष्टाई अथवा हानी/नोक्सानीलाई क्षतिपूर्ति गर्न लगाई शान्त पार्न सक्तछन्। यिनले *माङेन्त्रा* तथा *नाहाङ्माको* धार्मिक अनुष्ठान पनि गर्न सक्तछन्। यिनी समाधिमा बसेर सामसिरेमाथि चढ़ेका अलौकिक सत्त्वसित सम्पर्क लाउन संक्तछन् अनि भविष्यवाणी गर्न पनि सक्तछन्। पेशाद्वारा यस्तो प्रकट हुँदछ कि *फेदाङ्मा* युमाका असली उपासक हुन् जससित विशिष्ट आत्मिक तथा रोग-निवारण शक्ति अनि सत्ताधारीको प्रभुत्व छन्। प्रचलित विश्वास यस्तो छ कि फेदाङ्मालेे, वास्तवमा, पशु-पक्षीको आहुति दिंदैनन् तर रक्तका एकै थोपा पनि अर्पण विना नै अनुष्ठान सम्पन्न गर्दछन्। तर आज प्रायः जस्तो फेदाङ्माहरूले आहुति दिंदै धार्मिक अनुष्ठान सम्पन्न गर्दछन्। यद्यपि तिनीहरूमा पेशालाई अझै पनि अन्यान्यको तुलनमा अधिक मिताहारी, संयमी, परिष्कृत, तथा शुद्ध अनि अहिंसक मानिन्छ जस्तै *येबाहरू* तथा *येमाहरूभन्दा*। *फेदाङ्माहरूमा* प्रायःले झाड़-फूंक, मंत्र-तंत्रमा विश्वास गर्दछन् अनि थोरै मात्राले जड़ीबुटी, पशुमास तथा तावीज र कवजहरू जस्ता अन्य माध्यमहरूका चयन गर्दछन्।

२. *साम्बा :*

साम्बाहरूलाई मुन्धुम तथा धार्मिक अनुष्ठानमा पाइने अपरिचित पाण्डित्यका निमित्त जानिन्छ। तिनीहरूले प्रायः एक रातको अथवा तीन रात तथा सात रातसम्मको तङसिङ जस्ता विकट अनुष्ठान गर्दछन् जहाँ विस्तृत आख्यानहरूसितै विभिन्न अनुष्ठानहरू सम्मिलित हुन्छन्। तिनीहरूले अन्त्येष्ठि क्रिया पनि गर्दछन् जसमा पौराणिक कथा सहित विकट धर्मविधिहरू, विहेका धर्मविधिहरू, *नाहाङ्मा*-विधिहरू सम्पन्न गर्दछन् अनि कुदाप (प्रकृति ईश्वरहरूको समुह) जस्ता विविध ईश्वरहरूलाई शान्त तुल्याउँदछन्। तिनीहरूले विभिन्न रोगहरू तथा सिकिस्त विरामीहरूलाई पनि हेर्दछन्। तिनीहरूको पेशा नै त्रास, सन्ताप, तथा व्यभिचार ईर्ष्या, डाह, अभिशापदेखि उत्पन्न कुराहरू, अनि अन्य सामाजिक अव्यवस्था तथा नैतिकताको अभाव जन्य विषयादिसित सम्बन्धित हुन्छन्। ती मध्ये केहीले जड़ीबुटी, पशुमांस, तावीज अथवा कवजको चलन गर्दछन्।

धेरै साम्बाहरूले आदिम आकृति तथा असभ्य रूपमा गरिने तंत्र प्रयोग जस्तै समरूपी देवी-देउताहरूका ध्वनि-सुत्र, रेखा-चित्र, जादुई-वृत, आकृतिहरूको प्रयोग गर्दछन्। यस्तो भनिन्छ कि *साम्बाहरूले मुन्धुम* तथा धार्मिक अनुष्ठानमा श्रेष्ठहुनका लागि तिनीहरूले जीवनभर पढ़न र सिक्नु पर्दछ। तिनीहरू विश्वोत्पति युगान्त-विज्ञान, मानवोत्पति, धर्मविज्ञान-व्याख्या अथवा विवृत्ति, नैतिक मान्यताको दर्शन, व्याख्या अथवा विवृति, प्राकृतिक घटनाको कारण तथा परिणामहरू अनि रोग-निदान अथवा पुर्वानुमान अनि विरामी अथवा चिकित्सामा निपुण हुँदछन्। ज्ञान नै तिनीहरूका शक्ति हुने अनि ती *साम्बाहरूलाई* प्राय: महान तथा पुज्य मानिन्छन् जो *मुन्धुमसित* खास दक्ष छन्। तिनीहरूसित अवपीड़ित दुष्टात्माहरू तथा अलौकिक शक्तिहरूको अपरिचित वल भएको विश्वास्र गरिन्छ र यसैले विचलित आत्माहरूको निम्ति नयाँ मार्ग खोलिदिन्छन् अनि अदृष्य संसारमा तिनीहरूका लागि नयाँ सम्भावनाहरू निकालीदिन्छन्।

साम्बाहरूलाई मुजोकलुङ खेजोकलुङ्को पारंगत ज्ञानको उत्तराधिकारी मानिन्छ। *साम्बा* स्वयं उत्पन्न विवेकी मानिस हुन् जसले विश्व र जीवन परिचालन अनि अलौकिक अथवा अतिंअलौकिक (अभौतिक) संसार विषयक, गुरू र शिष्य बीचको शिक्षणको मौखिक परम्पराको माध्यमबाट गुढ़हरूको व्याख्या गर्दछ। तिनीहरूले उपासना, एकाग्रता, अभ्यास, दृढ़ता तथा अनुष्ठानको माध्यमद्वारा *मुन्धुमको* ज्ञानमा प्रवीणता हासिल गर्नु पर्दछ। साम्बाको निमित्त *मुन्धुममा* निपुणता हासिल गर्नु प्राथमिक शर्त हुन अनि स्वत्त्व, समाधि तथा नाट्यकला चाँहि तिनीहरूको भूमिकामा सम्पूरक हुनाले परोक्ष तथा कार्यविधिहरू हुन्। यसोसले तिनीहरूले शिष्य *(हुसाम्बा)* भई धार्मिक अनुष्ठानमा गुरूलाई सघाउँदै वर्षौं गुजार्छन्।

मुन्धुमको पौराणिक कथाले यस्तो उल्लेख गर्छ कि *सोधुङ लेप्पुहाङ*, अर्धदेव तथा आदिकालिन मानव पूर्वजले *साम्बालाई* यस संसारमा उनको वंशजलाई विकार, विपत्ति, महाविपदा तथा रोगव्याधिदेखि बचाऊन अनि तिनीहरूलाई सर्वव्यापी भगवान *तागेरा निङवाफुमाको* निर्देशनहरू सिकाऊन् र पवित्र धर्मविधिहरू प्रालन गर्नमा तिनीहरूलाई मद्दत गरून् अनि सदाचारको जीवन निर्वाह गरोस् भन्ने खातिर पठाइएका

हुन् । सावा येत्हाङको समयदेखि नै तिनीहरूका भूमिकाहरू लब्धप्रतिष्ठ देखिन्छन् । *साजुवेत मुन्दाङवेत साम्बा* नै *साम्बाहरूमध्ये* अति वरिष्ठ मानिन्छ । तिनीहरूका निशिष्ट भूमिका तथा विशेषज्ञता अनुसार कैयन् नामहरूलाई उल्लेख गरिन्छ, जस्तै -

सिगोन्दा थेगोन्दा साम्बा : सावा येत्हाङको वंशजहरूमा मृत्युलाई टाल्ने ।

थाप्पुरा थेयोङे साम्बा - : ईर्षा र डाह गर्ने दुष्टात्माहरूलाई भगाउने तथा *चिमिलिङ हारा तेम्बे* (सेङ, १९९२)-मा *फेन्जी फेन्दोलामकहाँ* जाने मृत्यु पथमा अवरोध लगाउने तथा *नामसामीको* निकट सम्बन्धीमाथि पशुरूपी भाइ *केसामीको* अन्त्येष्ठि क्रियालाई अवलोकन नगर्दा आइपर्ने रोगहरूलाई निको पार्ने अथवा बचाउ गर्ने ।

थाङसेरी मुसेदी तेनाङ साम्बा: वज्रपात तथा भूईंचालो ल्याउन सक्ने भयानक शक्ति भएको ।

सिकिलिङ खाम्बोक्लिङ साम्बा: भटकेको मानव आत्माहरूको खोज गर्ने तथा विशिष्ट ज्ञान भएको जसले अहितेच्छु अलौकिक सत्त्वहरूदेखि तिनीहरूलाई बचाउँदछ अनि तिनीहरूलाई उनीहरूको शरीरमा सुरक्षित फर्काई ल्याउने गर्छन् ।

यस्तो पनि विश्वास गरिन्छ कि *सुहाङ फेबाको* सन्तति जो *लाहादोङनाको* व्याभिचारी पति हुन्; तिनीहरू *सम्बाहरू* थिए जो उत्तरको उच्चभूमितिर जाँदा आफ्ना बाबुसित गएका थिए । निम्नलिखित *साम्बाहरू* खुबै प्रसिद्ध *साम्बाहरू* हुन्, जो *थिफिम्मा* अनुष्ठानको समयमा *साम्बाहरूद्वारा सामसिरे* जस्तै प्रकट हुन्छन् :

१. नवाला सिदेन्नाङ साम्बा,

२. मुकुमलुङ आङबो साम्बा,

३. नामथिङगो येकतेन साम्बा

४. *थोङ्वा मिखुक्सु मादेन साम्बा*

५. *लकचिरी यल्लेक चोङबाङ साम्बा*

६. *निमिया खुकसुइ मियाङ साम्बा*

७. *लुङथाक्के नैनेईङ साम्बा*

८. *खेसेवा उपाङ साम्बा*

९. *चिकलिङे नालोमी साम्बा*

१०. *वामुकुम नुहाङ साम्बा*

११. *सिदुइकसुन तुलुङ साम्बा*

१२. *मिदी उकसुन योथोकलुङ साम्बा*

१३. *तातासो खेजानायो साम्बा*

१४. *योदेन्सो केजा सुलिङ साम्बा*

१५. *येकपेल्ले मुदेल्ले साम्बा*

१६. *येपतुगेन मुक्काङ साम्बा*

१७. *आताकोन ताक्कोन साम्बा,* अनि

१८. *आलिकुन लिकुन साम्बा।*

तीमध्ये, यिनीहरू *सुहाङ फेबा साम्बाका* लब्धप्रतिष्ठ वशंजहरू थिए (काईला, १९९३) *फेदाङ्मा, साम्बा* अनि *या (येबा/येमा)* को उत्पतिको पौराणिक कथाहरू प्रायः एकै प्रकारका छन् तर संस्थागतको नामहरू जसले विभिन्न विशेषताहरूलाई प्रतिनिधित्व गर्दछन् चाँहि पौराणिक कथावाचकहरूदेखि वाचकहरूवीच मतभेद हुने हुन्छन्।

प्रधान-आत्माहरूको आव्हानको समयमा, साम्बाहरू तिनीहरूको अनुष्ठान, आचरण तथा ठाट-बाट अनुसार प्रस्तुत हुन्छन् ।

सेरेमु फिफामा साम्बा *थेरेमु याकफामा साम्बा*	उग्ररूपमा काम्नु अथवा सक्रिय रूपमा नियंत्रित हुने लक्षण भएको ।
नामधिङगो लिङलिङगो साम्बा -	भयानक व्यक्तित्व भएको ।
तेतलारा लाभुङयाङ साम्बा -	धार्मिक अनुष्ठानमा पौधाका पातहरू प्रयोग गर्ने ।
मिकतिक्के सुहेङगाङ साम्बा -	मिकतिक्के फूलहरू प्रयोग गर्ने साम्बा ।
सापसिङबुङ येयेनाम साम्बा -	*'काउलों'* को हाँगाविंगा चलाउँने ।
मुकतुबुङ लालोनाङ साम्बा -	'घुङग्रिङ चलाउँनें' ।
सेतलोबुङ साङसेरे साम्बा -	अम्लिसो चलाउँने ।
फेन्जेतेत् केजाङ खिङखिङ - लुङ साम्बा	फलामको जालीले बनाएको लुगा लगाउने साम्बाहरू ।
सेहोतेल केजाङ - खाङखाङलुङ साम्बा	छालाले बनाएको लुगा लगाउने साम्बाहरू ।
सिवेतेत केजाङ चिङचिङ *लुङ साम्बा*	सिस्नुको धागोले बनाएको लुगा लगाउने साम्बाहरू ।
लापचामी येत्ले सुहेङगा साम्बा -	पक्षी सरह उड्न सक्छन् ।
फुगवित्ते ताङलाङमा साम्बा -	चौरी गाई जस्तो नाँच्न सक्ने ।

चमत्कारी शक्ति तथा पारंगत विवेक भएको साम्बाहरूको लामो सूची छन्, जसलाई अनुष्ठानको शुरूआतमा आह्वान गरिन्छिन् । यसले यो बताउँदछन् कि विविध क्षेत्रमा संस्थागत निपुणता हासिल गर्ने साम्बाहरूको एउटा प्राचीन परम्परा पाइन्छ अनि

यसैले गर्दा, संस्थागत् *मुन्धुम* तथा धार्मिक अनुष्ठानहरू जीवित छन् । यसर्थ, लिम्बुहरूले तिनीहरूको पारम्परिक संस्कृति तथा धर्मको आधारभूत विशेषताहरूलाई सूरक्षित राख्न सकेका छन् ।

साम्बालाई याक थुङ मुन्धुमको ज्ञान प्राप्त छ अनि *याहाङ तुम्बको* उपस्थितिमा यिनले सबै प्रकारका शामानी अनुष्ठानहरू परिचालन गर्न सक्षम हुन्छन् । यद्धपि, यिनको विशेषज्ञता निम्नलिखित प्रस्तुत गरिन्छ :

१. तङ-सिङ-तेय--मा,

२. क्राहा काक्-मा

३. पोयोङलुङमा खमा अथवा फुङ केजाबा, खमा,

४. सामसोगा, साम्सुगुत नाप्मा आदि ।

कं) या (येबा अथवा येमा) :

येबा तथा येमालाई समग्ररूपमा या भनिन्छ । येबा र येमाले - रोग-बाधामा विशेषज्ञता हासिल गरेका हुन्छन्, जुन *नाहेन,* ईर्ष्या र डाहकों आत्मामा तिनीहरूको उत्पत्ति भएको ठानिन्छ । *येबा* तथा *येमाले* निम्नलिखित शामानी अनुष्ठानलाई प्रभावपूर्ण तरिकाले सम्पन्न गर्दछन् :

१. नाहेन खमा- ईर्ष्या र डाहको देव,

२. एप्ले -सोङदोक चेप-मा,

३. वासाङ - पुङगे थामा

४. सेरीलुङ थामा

५. येपमुथुङ याहाक्मा - चा- थी- - पी- मा, या- थाम्मा, या-एक्मा

६. याग्राङसिङ तेएमा

७. सुसिक यङदङ सेपमा (मोच-मार्नु),

८. सोघा, सुगुत, सुसिक् सेप्मा,

९. मीसाम सेप्मा

१०. लुङधुङ काइ पोलेप्मा, आदि ।

यी विशेषज्ञता बाहेक, येबा तथा येमाले फेदङमा अन्तरगत् जनाइए अनुसार सबै प्रकारका शामानी तथा धार्मिक अनुष्ठानहरू परिचालन गर्न सक्तछन् । यद्धपि, उसको विशेषज्ञता नै दुष्टात्माहरूमाथि गरिने हुन्छन् र लिम्बुहरूले लिम्बु- पान्थीय *(हिम-सम्माङ)* को देवी-देउताहरूप्रति शामानी अनुष्ठान नगरून् भन्ने आशय राख्दछन् ।

साम्बाहरू पछि, येबाहरू अथवा *येमाहरू* आफ्नो भूमिकामा प्रसिद्ध छन् जुन कुरा अन्य ले गर्न सक्तैनन् । पहिलो सोधासुगुत (असमय मृत्यु तथा प्रसवकालिन हुने मृत्युका दृष्ट-आत्माहरू) लाई मार्नु पर्छ, जो *माकचिरी माकचिसो येबा* तथा *फ़ेजिरी फेयाक्सो येमा* थिए, जसलाई *युभुङ यबा* एवं *येथुङ येमा* भनेर जानिन्छ । *सोघा-सुगुतलाई* खेद्ने समयमा, तिनीहरूले *पेङवाना सोईङना यालाई* पहिले सोघा-सुगुतको हिंड़ने बाटो खोज्न पठाउँछन् । अन्ततः समयको रफ्तारसितै धेरै याहरूको उदय भए । केही *येमाहरू* तथा *येवाहरू* जससित दुवै प्राकृतिक एवं अलौकिक घटनाहरूलाई नियंत्रण गर्ने भयानक शक्तिहरू थिए :

१. चिल्लीदिङ पेसुम्मा या (स्त्री)

२. सोरोमा खुन्दोमा या (स्त्री)

३. नेन्छिरी नेम्मेथुम्मा या (स्त्री)

४. लाङदिम्मा सोदिम्मा या (स्त्री)

५. सजारा लुङदाङ या (पूरूष)

६. पोमुहाङ केच्छाङहाङ या (पूरूष)

७. मिन्युरी मिया केराचेङ या (पूरूष),

कम शक्तिशाली भएको अन्य याहरू :

८. *खाप्पु हाङचुम्मा हकवामा या (स्त्री)*, अतिशय शक्तिशाली ।

९. पेङवाना सोइङना या (पूरूष), मृग भन्दा पनि दुतगामी ।

१०. लाङगोथिन (लाङगकथिन) च्वाकेबुन या (पूरूष) भूमिलाई कञ्जाएर शुष्क पृथ्वीबाट फुवारा जस्तै पांनी निकाल्न सक्तछ,

